**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ३० मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि आकाशवाणीबाट "मन की बात" कार्यक्रम मार्फत देश - विदेशका मानिसहरूसित आफ्ना विचार साझा गर्नुहुनेछ।

२. पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राज्यव्यापी ह्यूमन प्यापिलोमा भाइरसको खोप अभियान शुरू गर्नुभयो।

३. राज्यका मुख्यमन्त्रीले राष्ट्रिय स्वास्थ्य मिशन लागू हुने घोषणा गर्नुभएको छ।

४. दार्जिलिङ पहाडमा अमृत योजना र जीटीएमा भएको कथित धाँधलीको राज्य सरकारले जॉच गराउने भएको छ।

५. शिक्षा विभाग गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन शैक्षिक उत्कृष्टता सम्मान पुरस्कार समारोह आज मिरिकमा सम्पन्न भयो।

**पीएम-मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणीबाट "मन की बात" कार्यक्रम मार्फत देश - विदेशका मानिसहरूसित आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 134 औं संस्करण हुनेछ।यो कार्यक्रम आकाशवाणी र दूरदर्शनका समस्त नेटवर्क, एआईआर न्यूज़ वेबसाइट र न्यूज़ऑनएयर मोबाइल ऐप मार्फत पनि प्रसारित गरिनेछ। यसको सोझो प्रसारण आकाशवाणी समाचार दूरदर्शन समाचार, प्रधान मन्त्री कार्लय ,सूचना एवं प्रसारण मंत्रालयको YouTube चैनलमा पनि गरिनेछ। आकाशवाणी हिंदी प्रसारणको लगत्तै पछि यस कार्यक्रमलाई क्षेत्रीय भाषाहरुमा पनि प्रसारित गरिनेछ।

**(एचपीभी)**

पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राज्यव्यापी ह्यूमन प्यापिलोमा भाइरस (एचपीभी)-को खोप अभियान शुरू गर्नुभयो। यस अभियानको उद्देश्य किशोरीहरूलाई सर्भाइकल क्यान्सरदेखि सुरक्षा प्रदान गर्नु हो।

**राज्य सरकारले यस अभियान अन्तर्गत लगभग ७ लाख ६५ हजार किशोरीहरूलाई सामेल गर्ने लक्ष्य राखेको छ। अधिकारीहरू अनुसार यो पहल केन्द्र सरकारद्वारा यसै वर्ष शुरू गरिएको राष्ट्रिय एचपीभी खोप कार्यक्रम अनुरूप छ। अभियानको उद्देश्य सर्भाइकल क्यान्सरलाई सार्वजनिक स्वास्थ्यको लागि गम्भीर खतराको रूपमा समाप्त गर्ने दिशामा योगदान दिनु हो। कार्यक्रम 14 वर्ष पूरा भइसकेको, तर 15 वर्ष नपुगेका किशोरीहरूलाई नि:शुल्क खोप लगाइनेछ। पात्र किशोरीहरूलाई क्वाड्रिभ्यालेन्ट गार्डासिल-4 भ्याक्सिनको एक खुराक सरकारी स्वास्थ्य केन्द्रहरूमा उपलब्ध गराइनेछ। राज्य सरकारले यस खोप अभियानको लागि 881 वटा सरकारी स्वास्थ्य संस्थानहरूलाई नामित गरेको छ जसमा मेडिकल कलेज, जिल्ला अस्पताल, महकुमा अस्पताल, राज्य सामान्य अस्पताल तथा खण्ड प्राथमिक स्वास्थ्य केन्द्रहरू सामेल छन्। यसैबीच अभियानअन्तर्गत दार्जिलिङ जिल्ला अस्पतालका साथै कुर्सियाङ उपजिल्ला अस्पताल र सिलिगुडी जिल्ला अस्पताल गरी चार सेवा केन्द्रमार्फत खोप**

**सेवा** **प्रदान** गरिनेछ।

**<u>राष्ट्रीय स्वास्थ्य मिशन</u>**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राज्यमा राष्ट्रिय स्वास्थ्य मिशन (एनएचएम) लागू हुने घोषणा गर्नुभयो। यसका लागि केन्द्र सरकारले २१०३ करोड रुपैयाँ स्वीकृत गरेको छ, जसमध्ये राज्यलाई ५२७ करोड रूपैयाँको पहिलो किस्ता प्राप्त भएको छ। कोलकातामा स्वास्थ्य विभागको एक कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले भन्नुभयो, यस योजनाले राज्यमा स्वास्थ्य सेवाको पूर्वाधारलाई सुदृढ पार्न र मानिसहरूलाई राम्रो चिकित्सा सुविधा प्रदान गर्न मद्दत गर्नेछ। केन्द्रबाट प्राप्त हुने रकम स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी बनाउन प्रयोग गरिने उहाले बताउनु भयो । मुख्यमन्त्रीले आयुष्मान भारत योजना अन्तर्गत पश्चिम बंगालका १.३६ करोडभन्दा अधिक परिवारले स्वास्थ्य सुरक्षाको लाभ पाउने जानकारी दिनुभयो। यस योजनाका माध्यमबाट राज्यको ठूलो जनसंख्यालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिने उहाले बताउनु भयो। उहाले राज्यका जिल्ला अस्पतालको निगरानी र स्वास्थ्य सेवाको गुणस्तर अनुगमन गर्न नियन्त्रण कक्षको स्थापना भइरहेको पनि बताउदै यी नियन्त्रण कक्षहरू मार्फत अस्पतालहरूको कार्यको नियमित समीक्षा गरिनेछ र आवश्यकता अनुसार द्रुत कार्य सुनिश्चित गरिने बताउनु भयो।

**<u>उच्चस्तरीय बैठक</u>**

दार्जीलिङका सांसद राजु विष्ट गोजमुमो अध्यक्ष विमल गुरुङ, महासचिव रोशन गिरी लगायत पहाडका तीन विधायक क्रमैले नोमन राई, सोनाम लामा, भरत छेत्रीको टोलीले कलकत्ताको नवन्नामा पहाडका विभिन्न ज्वलन्त विषयहरूलाई लिएर पश्चिम बंगालका मुख्यमन्त्री सुभेन्दु अधिकारीसँग शुक्रबार उच्चस्तरीय बैठक तथा महत्वपूर्ण भेटघाट गरेका छन। बैठकमा जीटीएमा भएको व्यापक घोटाला, शिक्षक भर्ती प्रक्रियामा देखिएको अनियमितता, "हर घर जल" योजना तथा "अमृत" योजनामा भएको कथित भ्रष्टाचारमाथि उच्चस्तरीय निष्पक्ष जाँचको माग जोडदार रूपमा उठाइयो। साथै, पहाडका जनताले भोगिरहेका विभिन्न प्रशासनिक तथा विकाससम्बन्धी समस्याहरूको शीघ्र समाधान गर्नुपर्ने विषयमा पनि छलफल सम्पन्न भयो। अर्कोतिर २००७ देखि २०१७ सम्मको गोर्खाल्यान्ड आन्दोलनमा सहिद भएका वीर योद्धाहरूको बलिदानलाई सम्मान गर्दै, प्रत्येक सहिद परिवारका १८ वर्ष देखि ४५ वर्षसम्मका योग्य सदस्यलाई सरकारी नोकरी प्रदान गरिने मांग समेत राखे। विशेषगरी पढ्न, लेख्न सक्ने तथा आवश्यक योग्यता पुगेका सदस्यलाई प्राथमिकताका साथ रोजगारीको अवसर उपलब्ध गराइने विषमा पनि चर्चा गरियो। मुख्यमन्त्री सँगको भेटघाट पछि गोर्खा जनमुक्ति मोर्चाले पहाडका जनताको हक, अधिकार र पारदर्शी प्रशासनको पक्षमा निरन्तर आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गरेको छ।

**<u>जीटीएमा भएको कथित धाँधलीको जॉच गराउने</u>**

दार्जिलिङ पहाडमा अमृत योजना र जीटीएमा भएको कथित धाँधलीको राज्य सरकारले जॉच गराउने भएको छ। मुख्यमन्त्री सुभेन्दु अधिकारीले हिजो नवान्नमा दार्जिलिङका सांसद राजु विष्ट, पहाडका विधायकहरु, गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरूङ र महासचिव रोशन गिरीसितको बैठकपछि पत्रकारहरूलाई सम्बोधन गर्दै उक्त कुरा भन्नु भएको छ। उहाँले मिरिक, खरसाङ र कालेबुङ नगरपालिकामा भएका अनियमितताको पनि जाँच गरिने बताउनु भएको छ। यसका लागि राज्यका सम्बन्धित नगरपालिका सचिव र गृह सचिवले चाँडै दार्जिलिङको भ्रमण गर्ने उहाँले बताउनु भयो। मुख्यमन्त्रीले सम्बन्धित महकुमा शासकहरूले चुनाउ नभइञ्जेल यी नगरपालिकाहरूको प्रशासकको रूपमा काम थालेको बताउनु भयो। उहाँले दार्जिलिङ पहाडका बन्द 10 वटा चिया बगानहरूलाई खोलाउने तथा त्यहाँका श्रमिकहरूको हित रक्षा गरिने पनि बताउनु भयो। उहाँले तराई, डुवर्स र दार्जिलिङ पहाडका चिया श्रमिकहरूले न्याय पाउने विश्वास दिलाउनु भयो। उहाँले कालेबुङमा एउटा

मेडिकल कलेज खोलिने र यसका लागि कालेबुङ जिल्ला शासकलाई स्थानीय विधायक र सांसदसित परामर्श गरी जमीन चिन्हित गर्ने निर्देश दिइएको बताउनु भयो।

**कर सिरप**

विशेष सूचनाका आधारमा एनजेपी थाना पुलिसले प्रतिबंधित कफ सिरपको ४५०० बोतलको साथमा साथै तीन जनालाई पक्राउ गरेको छ । जानकारीका अनुसार हिजो राति सिलिगुडी–जलपाइगुडी राष्ट्रिय राजमार्गको फूलबारी नजिकै जियागञ्ज क्षेत्रमा पुलिसले एउटा सानो मालबाहक गाडीलाई रोकेको थियो । खानतलासीका क्रममा गाडीबाट ३० वटा कार्टुन बरामद भएको र त्यसमध्ये करिब ४५०० बोतलमा प्रतिबन्धित कफ सिरपको बोतल फेला परेको थियो । पुलिसले प्रारम्भिक अनुमानमा बरामद कफ सिरप सिलिगुडीमा अवैध रूपमा आपूर्ति गर्ने योजना बनाइएको थियो। बरामद गरिएको कफ सिरपको बजार मूल्य लाखौं रुपैयाँ रहेको बताइएको छ । पुलिसले आरोपीविरुद्ध सम्बन्धित धाराअन्तर्गत मुद्दा दर्ता गरेको छ।

**लख्खी भंडार धोखाधड़ी**

त्रीनमूल काग्रेस सरकारको समयमा महिला सञ्चालित लखी भण्डार योजनामा ठगीको एउटा अचम्मलाग्दो घटना सार्वजनिक भएको छ । मुर्शिदाबाद जिल्लाको रघुनाथगञ्ज क्षेत्रमा एक युवकमाथि यो योजनाको मासिक अनुदान रकम सातवटा अलग-अलग खातामा पु¥याएको आरोप लागेको छ । पुलिसले शुक्रबार राति आरोपित युवकलाई पक्राउ गरेको छ । पक्राउ परेका आरोपीको पहिचान तारुल रहमान रहेको छ । उनी मुर्शिदाबाद जिल्लाको रघुनाथगंज-२ ब्लकको जोतकमल ग्राम पञ्चायत अन्तर्गत उस्मानपुर गाउँका बासिन्दा हुन्। आरोप छ कि उनले महिलाहरूको नाममा आवेदन फारम भरेर उनीहरूको बीचमा आफ्नो बैंक खाता नम्बर दर्ता गरेर लखी भण्डार योजनाको रकम प्राप्त गरि राखेका थिए। यसैबीच अहिले पुलिसले घटनाबारे थप अनुसन्धान गरिरहेको छ । यो कथित ठगीमा अरू को संलग्न छन् र यो ठूलो नेटवर्कसँग जोडिएको छ कि छैन भनेर पत्ता लगाउन भइरहेको छ। अनुसन्धान निकायले सम्बन्धित बैंक खाता र कागजातको पनि छानबिन गरिरहेका छन् । लाखी भण्डार योजनामा अनियमितता निरन्तर बढ्दै जाँदा प्रशासनको अनुगमन प्रणाली र लाभार्थी प्रमाणिकरण प्रक्रियामाथि गम्भीर प्रश्न उठेको छ ।

**राजीनामा**

राज्यमा सत्ता परिवर्तन भएसगै दार्जिलिङ पहाडको विभिन्न स्थानहरुबाट पहाडको सत्तारूढ पार्टी भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाबाट निर्वाचीत भएका प्रतिनिधिहरु भटाभट राजीनामा दिन थालेका छन। यसै क्रममा राज्यकै सबैभन्दा ठुलो खण्ड दार्जिलिङ पुलबजार खण्डका विभिन्न ग्राम पन्चायतबाट निर्वाचीत भएका पन्द्रजना पन्चायत समिति सदस्यहरुले पार्टी अध्यक्षलाई एक सामुहिक पत्र पठाउदै भागोप्रमो पार्टीलाई परित्याग गर्ने घोषणा गरेका छन। उनीहरूले पार्टीबाट राजीनामा दिनुको कारण व्याक्तीगत सगै विभिन्न कारणहरु रहेको बताइएको छ।

**अवैध जुवा-गेमिङ**

भारतीय जनता युवा मोर्चा दार्जीलिङ जिल्ला समितिले दार्जीलिङमा फैलिँदै गएको अवैध जुवा तथा गेमिङ गतिविधि रोक्न सदर थाना समक्ष हस्तक्षेपको मागसहित निवेदन दिएको छ। समितिका अनुसार शहरका विभिन्न क्षेत्रमा जुवा सम्बन्धी क्रियाकलाप बढ्दै जाँदा सामाजिक अनुशासन कमजोर हुँदै गएको र धेरै परिवार आर्थिक समस्यामा परेको छ। विशेषगरी युवापुस्तामाथि यसले गम्भीर मानसिक प्रभाव पारिरहेको बताइएको छ। समितिले पेपर लटरी, अनलाइन गेमिङ, तास खेल र

ज्याकपोटजस्ता गतिविधिमाथि कडा निगरानी राखी कानुनी कारबाही गर्न आग्रह गरेको छ। साथै स्वस्थ सामाजिक वातावरणका लागि आवश्यक जानकारी प्रशासनलाई उपलब्ध गराउन तयार रहेको जनाएको छ।

**हात्तीको दाँत**

गोप्य सूचनाको आधारमा 28 मई 2026 मा सुकना रेञ्ज, दार्जिलिङ वन्यजन्तु डिभिजन, वन्यजन्तु अपराध नियन्त्रण ब्यूरो (WCCB) को सीमावर्ती इकाई सिलिगुडी तथा जलदापाडा आरआरटी रेञ्जको संयुक्त टोलीले कालचिनी थाना अन्तर्गत पर्ने दक्षिण सताली क्षेत्रमा विशेष अभियान सञ्चालन गरेको थियो। अभियानका क्रममा राष्ट्रिय राजमार्ग–317 मा मोटरसाइकललाई रोकी जाँच गर्दा करिब 900 ग्राम तौलको हात्तीको दाँत (आइभोरी) र साम्बर हरिणको सिङ बरामद गरिएको अधिकारीहरूले जनाएका छन्। घटनामा संलग्न रहेको आरोपमा अलीपुरद्वार जिल्लाको दक्षिण पाटकापारा निवासी दुईजना पक्राउ गरिएको छ। प्रारम्भिक अनुसन्धानअनुसार बरामद सामग्री असमबाट ल्याई भुटान सीमावर्ती जयगाउँ क्षेत्रमा बिक्रीका लागि लैजाँदै गरिएको खुलासा भएको छ। पक्राउ परेका दुवैलाई अलीपुरद्वार अदालतमा पेश गरिएकोमा अदालतले न्यायिक हिरासतमा पठाएको छ। घटनाबारे थप अनुसन्धान जारी रहेको वन विभागले जनाएको छ।

**जनजाति सुरक्षा मंच**

देशभरीका विभिन्न राज्यहरुमा बसोबास गर्ने जनजातिहरुलाई एकै मंचमा ल्याउदै उनीहरूको हक तथा अधिकारको जगेडा गर्ने उदेश्यले उत्तर प्रदेश राज्यको आग्रामा जनजाति सुरक्षा मंचको सर्वभारतीय कार्यक्रममा सामेल आयोजना गरिएको छ। उक्त कार्यक्रममा दार्जिलिङबाट लिम्बू तथा राई जातीले भाग लिएका थिए भने कालेबुङबाट लेप्चा लगायतको जातिले भाग लिएका थिए। यसैबीच यस एतिहासिक कार्यक्रममा लिम्बू जातीलाई प्रतिनिधित्व गर्दै नयाँ नोरका लिम्बुहरु आग्रा पुगेका थिए। स्थानीय शिव शेर्माको नेतृत्वमा गएको टोलीले सम्मेलनमा देशभरका जनजातीहरु सस्कार सस्कृती लगायतको बारेमा थप जानकारी प्राप्त गरेका थिए भने लिम्बुहरु देशका खाटी जनजाति रहेको स्पष्ट सकेत दिए।

**बंगालमा जनगणना १ अगस्टदेखि सुरु हुने**

पश्चिम बंगालमा जनगणना अभ्यास १ अगस्टदेखि सुरु हुने तय भएको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो राज्य सचिवालय नबन्नामा आयोजित पत्रकार सम्मेलनमा यो घोषणा गर्नु भयो। उहाँले जनगणना प्रक्रिया अगस्ट २०२६ मा सुरु भएर फरवरी २०२७ सम्म जारी रहने बताउनु भएको छ। जनगणना अभ्यासमा सक्रिय रूपमा सहयोग गर्न राज्यका सबै नागरिकहरूलाई अपील गर्नु हुँदै मुख्यमन्त्रीले यो प्रक्रिया देश र राज्य दुवैका लागि अत्यन्त महत्त्वपूर्ण रहेकोमा जोड दिनु भयो। उहाँले भन्नु भयो, पश्चिम बंगालको जनसांख्यिकीय प्रोफाइल विशेष महत्त्व राख्छ, किनकि राज्यले बंगलादेशसँग लगभग ६०० किलोमिटर लामो सीमा साझा गर्दछ। उहाँले जोड दिनु भयो, केही सीमा क्षेत्रहरूमा बार लगाउने अभाव र सीमा सुरक्षा बललाई जमीन उपलब्ध गराउन अघिल्लो सरकारले असफलताका कारण राज्यको जनसांख्यिकीमा परिवर्तन आएको छ।

**सम्मान पुरस्कार**

शिक्षा विभाग गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन शैक्षिक उत्कृष्टता सम्मान पुरस्कार समारोह २०२६ आज मिरिकको गोपाल योञ्जन भवनमा सम्पन्न भयो । गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा जीटीए सभाका उपाध्यक्ष राजेश चौहान , शिक्षा विभागका कार्यकारी सभासद सञ्चविर सुब्बा डीआई दार्जिलिङ राजिव प्रमाणीक जीटीए शिक्षा विभागका कार्यकारी निर्देशक मनोमेन्द्र मोधक, कार्यकारी सभासद अरूण सिगची, सभासदहरू मिलेश राई,परेश तिर्की लगायत अन्य अतिथिहरुको प्रमुख रुपमा उपस्थिति रहेको थियो ।जीटीए शिक्षा विभागको

आयोजनामा अनि हेडमास्टर एशोसिएशन अनि संयुक्त माध्यमिक शिक्षक संगठनको सहयोगमा सम्पन्न समारोहमा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहन जगाउन मेधावी विद्यार्थीहरुलाई सम्मान जनाउदै माध्यमिक अनि उच्चमाध्यमिक परीक्षामा टप टेनमा आउने मेधावी विद्यार्थीहरुलाई मेमोन्टो प्रमाणपत्र प्रदान गरियो। उसरी नै जीटीए दार्जिलिङ जिल्ला अन्तर्गत पर्ने सम्पूर्ण विद्यालयका माध्यमिक अनि उच्चमाध्यमिक परीक्षामा विद्यालय टप्पर हुने विद्यार्थीहरुलाई सम्मान जनाइयो। कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा जीटीएका मुख्य कार्यपाल अनित थापाले विद्यार्थीहरूलाई प्रोत्साहन गर्नका लागि जीटीएले यस प्रकारको कार्यक्रम गर्दै आएको बताउदै सम्पूर्ण विद्यार्थीहरू अनि शिक्षक शिक्षिकागणलाई बधाई तथा शुभकामना व्यक्त गर्दै पहाडमा शिक्षा व्यवस्थामा भएका कतिपय कमि कमजोरीहरूलाई राज्यको नव गठित सरकारले सुधार गरिदिन्छ भन्ने कुरोमा आफू आश्वस्त रहेको बताउनुभयो।

**********